<u>नेपाल राजपत्रमा प्रकाशन मिति : २०६५।२।६</u>

# नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५

प्रस्तावना : नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धमा आवश्यक शर्त तथा प्रक्रिया बनाउन बाञ्छनीय भएकोले,

मुलुकी ऐन, धर्मपुत्र, धर्मपुत्रीको महलको १२क. नम्बरले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका शर्त तथा प्रक्रिया तोकेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१ **नाम र प्रारम्भ** : यस शर्त तथा प्रक्रियाको नाम "नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५" रहेको छ ।

(२) यो शर्त तथा प्रक्रिया तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस शर्त तथा प्रक्रियामा,–

(क) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा १३ बमोजिमको छानबिन, सिफारिस तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ग) "सुचिकृत संस्था वा एजेन्सी" भन्नाले दफा ११ को उपदफा (३) बमोजिम सूचीकृत संस्था वा एजेन्सी सम्झनु पर्छ ।

(घ) "अनाथालय" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनाथ बालबालिकाको हेरचाह तथा पालन पोषण गरी संरक्षण दिने संस्था सम्झनु पर्छ ।

(ङ) "अनाथ बालबालिका" भन्नाले दफा ४ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(च "स्वेच्छाले त्यागेका बालबालिका" भन्नाले देहायका व्यक्तिले जिल्ला प्रशासन कार्यालयमा उपस्थित भै मञ्जूरनामाको कागज गरी बालकल्याण गृह, अनाथालय वा बालमन्दिरलाई जिम्मा लगाएका बालबालिका सम्झनु पर्छ :–

(१) बालबालिका सम्वन्धी ऐन, २०४८ बमोजिम संरक्षक नियुक्त भएका र कुनै सम्पत्ति नभएका बालबालिकाको हकमा सम्वन्धित संरक्षकले,

(२) बाबु मरेका र आमाले अर्को विवाह गरी त्यागेका बालबालिकाका हकमा त्यस्ती आमाले,

(३) एकभन्दा बढी बालबालिकाको जन्म भई तिनको पालनपोषण गर्न नसक्ने गरीव बाबुआमा मध्ये कुनै एकले परिवार नियोजनको स्थायी वन्ध्याकरण गरिसकेको भए त्यस्ता बालबालिकाका हकमा वावुआमाले,

(४) एक भन्दा वढी वालवालिकाको जन्म भई बाबु मरेको वा निको नहुने गरी बहुलाएको वा होस ठेगानामा नभएको र बालबालिकाको पालन पोषण गर्न नसक्ने गरीव आमा भए त्यस्ता बालबालिकाको आमाले,

(५) एकभन्दा वढी बालबालिका भएकी आमा मरेकी वा निको नहुने गरी बहुलाएकी वा होस ठेगानामा नभएकी र तिनको पालन पोषण गर्न नसक्ने गरीव बाबु भएमा त्यस्ता बालबालिकाको वावुले ।

## परिच्छेद–२
## धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने

३. **<u>धर्मपुत्र, धर्मपुत्रीको रुपमा दिन सकिने बालबालिका</u>**: दफा ९ को उपदफा (३) बमोजिम सूचीकृत बालकल्याण गृह, अनाथालय वा बालमन्दिरमा कम्तीमा नब्बे दिन बसेका देहायका अवस्थाका बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न स्वीकृती दिन सकिनेछ :–

(क) अनाथ बालबालिका, र

(ख) स्वेच्छाले त्यागेका बालबालिका ।

४. **<u>अनाथ बालबालिका</u>** : यस शर्त तथा प्रक्रियाको प्रयोजनका लागि अनाथ बालबालिका भन्नाले दफा ५ को उपदफा (६) बमोजिम जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित गराइएका देहायका बालवालिका सम्झनु पर्छ :–

(क) वेवारिसे  अवस्थामा प्रहरीले फेला पारेका,

(ख) अस्पतालमा वेवारिसे अवस्थामा छोडिएका,

(ग) बाबु आमा पत्ता नलागेको, वा

(घ) बाबु आमा दुवैको मृत्यु भई परिवारका कुनै सदस्य, नातेदार वा हकवाला फेला नपरेका र सम्पत्ति समेत नभएका ।

५. **<u>अनाथ बालबालिकासँग सम्बन्धित कागजातको अभिलेख</u>** : (१) प्रत्येक वाल कल्याण गृह, अनाथालय वा बालमन्दिरले अनाथ वालवालिका भर्ना गर्दा देहायका कागजातको अभिलेख राख्नुपर्नेछ :–

(क) बेवारिसे अवस्थामा सडक, वाटो वा सार्वजनिक स्थानमा फेला परेका बालबालिकाको हकमा त्यस्तो व्यहोरा खुल्ने सम्वन्धित प्रहरी कार्यालयको पत्र,

(ख) अस्पतालमा बेवारिसे अवस्थामा छाडिएका बालबालिकाको हकमा अस्पतालमा बालबालिका छाडिनुको कारण खुलाइएको सम्वन्धित अस्पतालको पत्र,

(ग) वाल कल्याण गृह वा अनाथालय वा बालमन्दिर र त्यसको छेउछाउमा छाडिएका वालवालिकाको हकमा नजिकको प्रहरी कार्यालयद्वारा गरिएको सर्जमिन मुचुल्का सहितको पत्र ।

(२) वाल कल्याण गृह, अनाथालय वा बालमन्दिरले उपदफा (१) बमोजिम बालबालिका भर्ना हुन आएको व्यहोराको जानकारी केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिलाई यथाशीघ्र दिई बालबालिकाका बाबुआमा, नातेदार, हकवाला वा संरक्षक पत्ता लगाउन बालबालिकाको हुलिया, अन्दाजी उमेर तथा फोटो सहितको सूचना रेडियो, टेलिभिजनमा प्रचार–प्रसार गराउन र बालबालिका खोज तलास समन्वय केन्द्रलाई पनि जानकारी दिनु पर्नेछ ।

(३) बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले उपदफा (१) बमोजिम बालबालिका भर्ना भएका मितिले सात दिन भित्र भर्ना गरिएका बालबालिकाको फोटो, भर्ना गरेको मिति, अन्दाजी उमेर र अन्य विवरण सहितको कागजात प्रहरी प्रधान कार्यालयमा पठाई गोरखापत्र वा राष्ट्रिय स्तरको कुनै दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचनामा उल्लिखित विवरणका अतिरिक्त बालबालिकाका बाबुआमा, नातेदार, हकवाला वा संरक्षक र बालबालिकाको हक पुग्ने चल अचल सम्पत्ति भए वा नभएको सम्वन्धमा कसैको  दावी भए वा कसैलाई थाहा भए सूचना प्रकाशन गर्ने बालकल्याण गृह, अनाथालय वा बालमन्दिर वा केन्द्रीय वा जिल्ला बालकल्याण समिति वा बालबालिका फेला परेको जिल्लाको प्रहरी कार्यालय मध्ये कुनै एक निकायमा दावी गर्न वा जानकारी दिन, अन्यथा त्यस्तो बालबालिका देश भित्र वा अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री दिई पठाउन सकिने व्यहोरा समेत खुलाइएको हुनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको सूचनाको म्याद पैंतीस दिनको हुनु पर्नेछ र सो म्यादभित्र कसैवाट कुनै दावी नपरेमा वा जानकारी प्राप्त नभएमा त्यस्तो म्याद व्यतीत भएको दस दिन पछि एक्काईस दिनको म्याद दिई गोरखापत्र, राष्ट्रिय स्तरको र सम्भव भएसम्म स्थानीय स्तरको कुनै दैनिक पत्रिकामा तथा विद्युतीय संचार माध्यम मार्फत पुनः सूचना प्रकाशन तथा प्रशारण गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पनि कुनै दावी वा जानकारी सूचना प्रकाशन गर्ने बालकल्याण गृह वा अनाथालय वा बालमन्दिर वा केन्द्रीय वा जिल्ला बालकल्याण समिति वा प्रहरी कार्यालयमा प्राप्त हुन नआएमा वा प्राप्त भए पनि उक्त दावी वा जानकारी आधारहीन भएमा बालकल्याण गृह वा अनाथालय वा बालमन्दिरले सोही व्यहोरा खुलाई सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट त्यस्ता बालबालिकालाई अनाथ प्रमाणित गराई राख्नु पर्नेछ ।

६. **स्वेच्छाले त्यागेका बालबालिकाको अभिलेख** : (१) प्रत्येक बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले स्वेच्छाले त्यागिएका बालबालिका भर्ना गर्नु पर्दा देहायका कुरा खुलेको कागजाातको अभिलेख राख्नु पर्नेछ :–

(क) बालबालिकाको नाम, उमेर, हुलिया, जन्मदर्ताको प्रमाणपत्र र हालसालै खिचिएको फोटो,

(ख) बालबालिकाका बाबुआमाको नाम, ठेगाना र त्याग्नु परेको कारण,

(ग) स्वेच्छाले त्याग्न ल्याउने बाबु वा आमा वा दुवै भए निजहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) संरक्षकले त्याग्न ल्याएकोमा संरक्षक नियुक्त गरेको कागजात र संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) बालबालिकाको बाबुआमाको आर्थिक, सामाजिक तथा सांस्कृतिक हैसियत खुलाउने सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको जानकारी सम्बन्धित बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले केन्द्रीय बालकल्याण समिति, सम्बन्धित जिल्ला बालकल्याण समिति र जिल्ला प्रशासन कार्यालयमा दिनु पर्नेछ ।

(३) स्वेच्छाले त्यागिएका बालबालिका धर्मपुत्र, धर्मपुत्रीको रुपमा जानु अघि मञ्जुरनामाको कागज गरिदिने व्यक्ति वा आमा वा बाबु वा बाबुआमाले बालबालिका फिर्ता लान चाहेमा र बालबालिका त्यस्तो व्यक्तिसँग जान इच्छुक भएमा सम्बन्धित बालकल्याण गृह वा अनाथालय वा बालमन्दिरले जिल्ला प्रशासन कार्यालयको रोहबरमा सम्बन्धित व्यक्तिले बालबालिका बुझेको लिखत तयार गरी बालबालिका जिम्मा लगाई दिनु पर्छ ।

(४) उपदफा (३) बमोजिम बालबालिका जिम्मा लगाएको जानकारी मन्त्रालय, केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिलाई दिनु पर्नेछ ।

## परिच्छेद–३
## धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न सक्ने

७. **धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न सक्ने विदेशी नागरिक** : (१) मुलुकी ऐन धर्मपुत्र, धर्मपुत्रीको महलको अधीनमा रही देहायका विदेशी नागरिकलाई नेपाली बालबालिका धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न स्वीकृति दिन सकिनेछ :–

(क) विवाह भएको कम्तीमा चारवर्ष पूरा भइसकेका दम्पत्ति, वा

(ख) पैतीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर पूरा नभएकी अविवाहित, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी महिला ।

(२) उपदफा (१) बमोजिमका विदेशी दम्पत्ति वा महिला र धर्मपुत्र, धर्मपुत्री हुने बालबालिकाको उमेर बीच कम्तीमा तीस वर्षको फरक हुनु पर्नेछ ।

(३) यस शर्त तथा प्रक्रियामा जुनसुकै कुरा लेखिएको भएतापनि छोरा हुने विदेशी नागरिकलाई धर्मपुत्र र छोरी हुने विदेशी नागरिकलाई धर्मपुत्री ग्रहण गर्न स्वीकृति दिइने छैन ।

(४) धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्ने विदेशी नागरिकका छोरा वा छोरी वा धर्मपुत्र वा धर्मपुत्री भएमा निजको उमेर भन्दा ग्रहण गरिने धर्मपुत्र वा धर्मपुत्रीको उमेर कम हुनु पर्नेछ ।

तर कुनै विदेशी नागरिकले कुनै नेपाली बालबालिका धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गरिसकेको भए त्यस्ता नेपाली बालबालिकाको सहोदर दिदी वा दाजुलाई सोही विदेशी नागरिकले धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न यस उपदफाले कुनै वाधा पुर्‍याउने छैन ।

८. **धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न निवेदन दिनु पर्ने** : (१) नेपाली बालबालिका धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न चाहने विदेशी नागरिकले सूचिकृत विदेशी संस्था वा एजेन्सी वा नेपालस्थित आफ्नो देशको राजदूतावास र सो नभए नेपालको निम्ति तोकिएको राजदूतावास मार्फत धर्मपुत्र वा धर्मपुत्रीको रुपमा ग्रहण गर्न चाहेको नेपाली बालबालिकाको उमेर, लिङ्ग र अन्य विवरण खुलाइ समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा देहायका कागजात संलग्न गरिएको हुनु पर्नेछ :–

(क) नेपालबाट धर्मपुत्र, धर्मपुत्री लिन निवेदकलाई निजको देशको सरकारले दिएको सहमति (कन्सेन्ट) पत्र ,

(ख) धर्मपुत्र, धर्मपुत्री भैजाने बालबालिकाको हैसियत धर्मपुत्र, धर्मपुत्री लिने व्यक्तिको मुलुकको कानून अनुसार आफ्नै सन्तान सरह हुने भन्ने सम्बन्धित देशको सरकार वा सो देशको नेपालस्थित वा नेपालका लागि तोकिएको राजदूतावासबाट लेखिएको प्रत्याभूति (ग्यारेन्टी) पत्र,

(ग) निवेदकको जन्मदर्ता प्रमाणपत्र,

(घ) निवेदकको वैवाहिक अवस्था प्रमाणित गर्ने कागज,

(ङ) निवेदकका छोराछोरी वा धर्मपुत्र, धर्मपुत्री भएमा तिनको जन्मदर्ता प्रमाणपत्र सहितको पारिवारिक विवरण,

(च) निवेदकको स्वास्थ्य सम्वन्धमा अनुमति प्राप्त चिकित्सकले दिएको प्रमाणपत्र,

(छ) असल चरित्र सम्वन्धमा सरकारी निकायले दिएको प्रमाणपत्र,

(ज) निवेदकको सम्पत्ति र आयश्रोत प्रमाणित गर्ने कागजात,

(झ) निवेदकको राहदानीको प्रतिलिपि,

(ञ) निवेदकको सामाजिक, मनोवैज्ञानिक, गृह अध्ययन प्रतिवेदन (सोसल, साइकोलजिकल, होमस्टडी रिपोर्ट) ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक छानबिन गरी निवेदकको छुट्टै व्यक्तिगत फाइल तयार गर्नेछ ।

(४) उपदफा (२) बमोजिमका कागजात अंग्रेजी भाषामा लेखिएको वा सक्षम निकायले अंग्रेजी भाषामा अनुवाद गरेको हुनु पर्नेछ ।

## परिच्छेद–४
## बालकल्याण गृह, अनाथालय वा बालमन्दिरको सूचीकरण

९. **बालकल्याण गृह, अनाथालय वा बालमन्दिरको सूचीकरण गरिने** : (१) प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी काम गर्ने प्रयोजनका लागि सूचीकृत गरिपाउन मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा देहायका कुराहरु खुलाइएको हुनु पर्नेछ :–

(क) सम्बन्धित बालकल्याण गृह, अनाथालय वा बालमन्दिरको विधान र नवीकरण सम्बन्धी कागजात,

(ख) मन्त्रालयले तोकेको “बालगृह संचालन तथा व्यवस्थापनका लागि न्यूनतम् मापदण्ड” र “बालकल्याण गृह संचालन निर्देशिका” को पालन गरेको छ भन्ने व्यहोरा खुल्ने केन्द्रीय बालकल्याण समितिको सिफारिश, र

(ग) बालकल्याण गृह वा अनाथालय वा बालमन्दिरको भौतिक सम्पत्तिको विवरण ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर छानविन गर्दा उपयुक्त देखेमा मन्त्रालयले त्यस्ता बालकल्याण गृह, अनाथालय वा बालमन्दिरको सूचीकरण गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचिकृत भएको बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले प्रत्येक दुई वर्षमा मन्त्रालयमा नवीकरण गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सूचीकृत बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले धर्मपुत्र, धर्मपुत्रीको रुपमा विदेशी नागरिकलाई ग्रहण गर्न दिन सकिने बालबालिकाको देहाय बमोजिमको अलग अलग व्यक्तिगत विवरण तयार गरी दफा १४ बमोजिमको परिवार छनौट समिति समक्ष पठाई सोको जानकारी समितिलाई दिनु पर्नेछ :–

(क) जन्मदर्ताको प्रमाणपत्र,

(ख) विगत छ महिनाभित्रको स्वास्थ्य सम्बन्धी प्रतिवेदन,

(ग) हालसालै खिचिएको फोटो,

(घ) बालवालिकालाई स्वदेशभित्रै धर्मपुत्र, धर्मपुत्री दिन मनासिव प्रयास गरिएको कुरा खुल्ने कागजात,

(ङ)	दफा ५ वा ६ बमोजिमका बालबालिकाको अभिलेख खुल्ने कागजात ।

१०. **बालकल्याण गृह, अनाथालय वा बालमन्दिरलाई सूचीबाट निलम्बन गर्ने वा हटाउने** : (१) दफा ९ बमोजिम सूचीकृत भएका बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले झुट्टा विवरण पेश गरेको वा प्रचलित कानून, शर्त तथा प्रक्रिया र मन्त्रालयले दिएको निर्देशन विपरीत काम गरेको वा गर्न लागेको पाइएमा त्यस्तो बालकल्याण गृह, अनाथालय वा बालमन्दिरलाई मन्त्रालयले अवधि तोकी निलम्बन गर्न वा सूचीबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीबाट निलम्बन गर्नु वा हटाउनु अघि मन्त्रालयले त्यस्तो बालकल्याण गृह, अनाथालय वा बालमन्दिरलाई सो सम्बन्धमा आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

परिच्छेद–५

## विदेशी संस्था वा एजेन्सीको सूचीकरण

११. **विदेशी संस्था वा एजेन्सीको सूचीकरण गरिने** : (१) नेपालमा धर्मपुत्र, धर्मपुत्री सम्बन्धी काम गर्न चाहने विदेशी संस्था वा एजेन्सीले सूचीकरणको लागि समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने विदेशी संस्था वा एजेन्सीले निवेदन साथ देहायका कागजात संलग्न गरेको हुनु पर्नेछ :–

(क)	अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी काम गर्न आफ्नो देशबाट स्वीकृति प्राप्त गरेको प्रमाणपत्र,

(ख)	सम्बन्धित देशको कानूनमा धर्मपुत्र, धर्मपुत्रीको हैसियत सोही देशको नागरिकको छोरा छोरी सरह हुन्छ भन्ने कुरा प्रमाणित गर्ने कागज,

(ग)	अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्वन्धमा कम्तीमा तीनवर्ष देखि काम गरिरहेको प्रमाणित कागज,

(घ)	अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्रीको क्षेत्रमा विश्वसनीय रुपमा काम गरिरहेको भन्ने व्यहोराको सम्बन्धित देशको जिम्मेवार निकायले गरिदिएको सिफारिश, र

(ङ)	मन्त्रालयले समय समयमा तोकिदिएका अन्य आवश्यक कागजात ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा समितिले त्यस्तो संस्था वा एजेन्सीलाई सूचीकरण गर्न उपयुक्त देखेमा मन्त्रालयमा सिफारिस गर्नेछ र मन्त्रालयले सूचीकरण गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीकरण भएको विदेशी संस्था वा एजेन्सीले नेपालमा आफ्नो प्रतिनिधि नियुक्ति गरी मन्त्रालयलाई सोको जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम नियुक्त हुने प्रतिनिधिको योग्यता तथा काम, कर्तव्य र अधिकार समितिको सिफारिशमा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम सूचिकृत भएको संस्था वा एजेन्सीले प्रत्येक दुई वर्षमा मन्त्रालयमा नवीकरण गराउनु पर्नेछ ।

१२. **संस्था वा एजेन्सीलाई सूचीबाट निलम्बन गर्ने वा हटाउने** : (१) सूचीकृत संस्था वा एजेन्सीले प्रचलित कानून, यस शर्त तथा प्रक्रिया वा मन्त्रालयको निर्देशन विपरीत काम गरेको पाइएमा त्यस्तो संस्था वा एजेन्सीलाई मन्त्रालयले समितिको सिफारिसमा अवधि तोकी निलम्वन गर्न वा सूचीबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत संस्था वा एजेन्सीलाई निलम्बन गर्नु वा सूचीबाट हटाउनु अघि सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

परिच्छेद–६

## सिफारिस तथा स्वीकृति

१३. **छानविन, सिफारिस तथा अनुगमन समिति** : (१) प्रचलित कानून र यस शर्त तथा प्रक्रियाको अधीनमा रही समिति समक्ष प्राप्त निवेदन तथा अन्य कागजातको आधारमा नेपाली बालबालिका

विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न दिने सम्बन्धमा छानबिन गरी मन्त्रालय समक्ष सिफारिस गर्न समेत एक छानबिन, सिफारिस तथा अनुगमन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका संयोजक र सदस्य रहनेछन् :-

(क) सहसचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय –संयोजक

(ख) सहसचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय – सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय –सदस्य

(घ) प्रतिनिधि, केन्द्रीय बालकल्याण समिति (समितिको बालमनोवैज्ञानिक वा चिकित्सक सदस्यमध्ये एक जना) – सदस्य

(ङ) प्रतिनिधि, बालबालिकाको निमित्त गैरसरकारी संस्थाहरुको महासंघ, नेपाल - सदस्य

(च) कानून अधिकृत (उपसचिव), महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय -सदस्य -सचिव

(३) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(४) संयोजक सहित कम्तीमा तीन जना सदस्य उपस्थित भएमा समितिको बैठक वस्न सक्नेछ ।

(५) समितिको वैठक भत्ता मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१४. <u>**बालबालिकाको लागि परिवारको छनौट**</u> : (१) धर्मपुत्र, धर्मपुत्री भै जाने बालबालिकाको लागि विदेशी परिवारको छनौट गर्न देहाय बमोजिमको एक परिवार छनौट समिति रहनेछ :–

(क) मन्त्रालयले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत - संयोजक

(ख) केन्द्रीय बालकल्याण समितिको कार्यकारिणी निर्देशक -सदस्य

(ग) प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाल संगठनमा रहेका बालबालिका धर्मपुत्र, धर्मपुत्री भई जानको लागि विदेशी परिवारको छनौट गर्न देहाय बमोजिमको एक परिवार छनौट समिति रहनेछः-

(क) नेपाल बाल संगठनको महासचिव - संयोजक

(ख) प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय- सदस्य

(घ) प्रतिनिधि, गृह मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, प्रहरी प्रधान कार्यालय (महिला सेल) - सदस्य

(३) उपदफा (१) वा (२) बमोजिमको परिवार छनौट समितिले दफा ८ बमोजिम निवेदनमा खुलाइएको विवरण र दफा ९ को उपदफा (५) बमोजिम तयार गरिएका वालवालिकाको व्यक्तिगत विवरणको आधारमा बालबालिकाको छनौट गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको परिवार छनौट समितिको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहनेछ ।

तर उपदफा (२) बमोजिमको समितिको सचिवालय नेपाल बाल संगठन केन्द्रीय कार्यालयमा रहनेछ ।

(५) उपदफा (१) वा (२) बमोजिमको छनौट समितिको सचिव सम्वन्धित छनौट समितिले तोक्नेछ ।

(६) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(७) समितिको वैठक भत्ता मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(८) यस दफामा लेखिएदेखि बाहेक परिवार छनौट सम्बन्धी अन्य व्यवस्था समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१५. **मन्त्रालयले स्वीकृती दिने** : (१) समितिले दफा १३ बमोजिम छानबिन गरी सिफारिस गरेमा मन्त्रालयले नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न दिनको लागि स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न स्वीकृति प्राप्त भएपछि निवेदक स्वयं उपस्थित भई बालबालिका बुझिलिनु पर्नेछ ।

तर निवेदक दम्पति भई दुबै मध्ये कुनै एक जना उपस्थित हुन नसक्ने भएमा अनुपस्थित पति वा पत्नीले दिएको आधिकारिक मञ्जुरनामा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी परिवारलाई बालबालिका ग्रहण गर्न दिने अन्तिम निर्णय हुनु अगावै सम्बन्धित बालबालिकाका वावुआमा वा संरक्षकले बालबालिका फिर्ता लैजान चाहेमा त्यस्तो बालबालिकालाई धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न दिइने छैन ।

## परिच्छेद–७
## विविध

१६. **अनुगमन सम्बन्धी व्यवस्था** : (१) समितिले आवश्यक देखेमा यस शर्त तथा प्रक्रिया बमोजिम सूचीकृत बालकल्याण गृह, अनाथालय वा बालमन्दिरको निरीक्षण तथा अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) दफा ११ बमोजिम सुचिकृत भएका संस्था वा एजेन्सी अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्वन्धी मापदण्ड अनुसार भए वा नभएको र धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्ने परिवारको कम्तीमा वर्षको एकपटक समितिले अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा प्राप्त जानकारी एवं अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्री लिने दिने कार्यमा देखिएका समस्या निराकरणका उपायहरु समावेश भएको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१७. **विवरण उपलब्ध गराउनु पर्ने** : (१) मन्त्रालयले यस शर्त तथा प्रक्रिया बमोजिम विदेशी नागरिकले धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गरेका नेपाली बालबालिका र धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गरी लैजाने विदेशी नागरिकको विवरण परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण सम्वन्धित मुलुकका लागि तोकिएको नेपाली दूतावास वा कुटनीतिक नियोगलाई परराष्ट्र मन्त्रालयले उपलब्ध गराइ दिनु पर्नेछ । त्यस्ता नेपाली दुतावास वा कूटनीतिक नियोगले दफा १६ बमोजिम अनुगमन गर्दा सहयोग पुर्‍याउनु पर्नेछ ।

(३) यस शर्त तथा प्रक्रिया बमोजिम मन्त्रालयबाट स्वीकृति प्राप्त भई नेपाली बालबालिका धर्मपुत्र, धर्मपुत्री ग्रहण गरी लैजाने प्रत्येक विदेशी नागरिकले त्यस्तो बालबालिका सम्वन्धित देशको कानून अनुसार बालिग नभएसम्म निजको पालन पोषण, शिक्षा तथा स्वास्थ्य सम्वन्धी विवरण र बालबालिकाको हालै खिचिएका पोष्टकार्ड आकारका फोटोहरु सम्वन्धित सूचीकृत संस्था वा एजेन्सी वा नेपालस्थित आफ्नो देशको राजदुतावास र सो नभए नेपाल हेर्ने राजदूतावास मार्फत वर्षको एकपटक मन्त्रालयमा पठाउनु पर्नेछ ।

१८. **प्रस्ताव पेश गर्नु पर्ने** : (१) सूचीकृत संस्था वा एजेन्सीले नेपालस्थित बालकल्याण गृह, अनाथालय वा बालमन्दिरलाई कुनै सहयोग प्रदान गर्ने भए त्यस्तो सहयोग सम्वन्धी प्रस्ताव मन्त्रालयमा पेश गर्नु पर्नेछ । मन्त्रालयले जाँचबुझ गर्दा उपयुक्त देखेमा त्यस्तो प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने सहयोगको दश प्रतिशतसम्म रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ ।

१९. **शुल्क र अन्य रकम तोक्न सक्ने**: (१) मन्त्रालयले समितिको सिफारिसमा देहायका सेवा शुल्क बापतको खर्च तोक्न सक्नेछ:-

(क) दफा ९ को उपदफा (३) बमोजिम बालकल्याण गृह, अनाथालय वा बालमन्दिरको सूचीकरण र नवीकरण गर्दा लाग्ने शुल्क,

(ख) दफा ११ को उपदफा (१) बमोजिम संस्था वा एजेन्सी सूचीकरणका लागि दिएको निवेदन शुल्क र नवीकरण गर्दा लाग्ने शुल्क,

(ग) दफा १५ बमोजिम धर्मपुत्र, धर्मपुत्रीको रुपमा ग्रहण गर्न स्वीकृति दिइएका विदेशी नागरिकबाट दफा १६ को उपदफा (२) बमोजिम अनुगमन गर्न लाग्ने शुल्क,

(घ) बालकल्याण गृह, अनाथालय वा बालमन्दिरले धर्मपुत्र वा धर्मपुत्री भै गएको बालबालिकाको पालनपोषण गर्दा लागेको सेवा र खर्चबापतको रकम ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम भुक्तानी गर्नु पर्ने शुल्कको रकम नेपाल सरकारको खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खातामा एक आर्थिक वर्षमा जति रकम जम्मा हुन्छ सोही बराबरको रकम अर्थ मन्त्रालयले मन्त्रालयको नाममा निकासा दिनेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध भएको रकम अनाथ बालबालिकाको कल्याण तथा संरक्षण,सूचिकृत विदेशी संस्था वा एजेन्सी, वालकल्याण गृह, अनाथालय वा वालमन्दिर तथा धर्मपुत्र, धर्मपुत्रीको अनुगमन र मन्त्रालयले निर्धारण गरेको अन्य कार्यमा खर्च गरिनेछ ।

२०. **बाधा अड्काउ फुकाउने अधिकार** : यो शर्त तथा प्रक्रियाको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा मुलुकी ऐन र यस शर्त तथा प्रकृयाको अधिनमा रही त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

२१. **खारेजी र बचाउ** : (१) तत्कालीन श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयको नामबाट २०३४ साल जेठ १७ गते नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना र श्री ५ को सरकार (मं.प.) बाट २०५७ साल असार १२ गते स्वीकृत गरेको नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र/पुत्री ग्रहण गर्न दिने सम्वन्धमा बनेको शर्त तथा प्रक्रिया खारेज गरिएको छ ।

(२) सम्वत् २०५७ साल असार १२ गते स्वीकृत शर्त तथा प्रक्रिया बमोजिम भए गरेको काम कारवाही यसै शर्त तथा प्रक्रिया बमोजिम भए गरेको मानिनेछ ।

(३) सम्वत् २०६४ साल जेठ मसान्तसम्म विदेशी परिवार छनौट भई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका, नेपाल वाल संगठनमा विचराधीन रहेका वा मन्त्रालयमा कारवाहीमा रहेका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी निवेदन यो शर्त तथा प्रक्रिया प्रारम्भ हुनु भन्दा तत्काल अघि कायम रहेको शर्त तथा प्रक्रिया बमोजिम नै कारवाही गरी टुङ्गो लगाउन वाधा पर्ने छैन ।